कार्यपालिकाको कार्या...
सिरहा
मधेश प्रदेश, नेपाल

# सिरहा नगरपालीका स्तरीय खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा संचालन सम्बन्धी कार्यविधि २०७८

**सिरहा नगरपालिका,**

**मधेश प्रदेश, सिरहा जिल्ला**

https://sirahamun.gov.np/en



नगर प्रमुख

CS CamScanner

सिरहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिरहा मधेश प्रदेश, नेपाल

**प्रस्तावना:** पानी बिना जीवन असम्भव छ । मानिसलाई दैनिक घरायसी प्रयोजनमा, पिउन, व्यक्तिगत सरसफाइ तथा स्वच्छता कायम गर्न, खेतीपाती गर्न तथा घरपालुवा जनावरहरुको प्रयोगका लागी पनि पानी अनिवार्य छ । जीवनका हरेक पक्षसङ्ग पानी एक अभिन्न अंगको रुपमा जोडिएर आउछ तर के हामीले प्रयोग गर्ने सबै स्रोतका पानी गुणस्तरीय र स्वास्थ्यको लागि लाभदायक छन् त ? के हामीले प्रयोग गर्ने पानीको गुणस्तर बारे आमजनमानसमा पर्याप्त जानकारी तथा सचेतना छ त ? यदि समुदायमा सचेतना छ भन्ने हो भने पनि आमसमुदायमा सुरक्षित पानीको कुरा गर्दैगर्दा पानीको गुणस्तर थाहा पाउन के गर्ने ? कहाँ सम्पर्क गर्ने ? कसरि गर्ने ? यी र यस्तै प्रश्नको हामीले सामना गर्नु पर्ने हुन्छ । तराई क्षेत्रमा पानीको मुख्य श्रोत भनेकै जमिन मुनिको पानी हो ।

डिपबोरिङ्ग वा हातेकलको माध्यमबाट पानी प्रयोग गर्ने जनसंख्या धरैठूलो छ । केन्द्रिकृत प्रणलीबाट सुरक्षित रुपमा एक घर एक धाराको माध्यमबाट पानी प्रयोग गर्ने जनसंख्या एकदमै नगन्य मात्रामा छ । सरकार तथा स्थानीय तहको ध्यान क्रमश खानेपानीमा लगानी बढाउने र केन्द्रिय प्रणालीबाट नै सुरक्षित पानी उपलब्ध गराउने कुरामा जोड दिन थालिएको छ । तर हाल ठूलो संख्यामा प्रयोगमा आएको जमिन मुनिको पानीमा रासायनिक, जैविक र भौतिक प्रदूषणहरु हुन सक्ने सम्भाना अत्यधिक हुन्छ । बढ्दो सहरीकरण, औद्योगीकीकरण, जमीन मुनिको पानीको सतहमा आएको परिवर्तन तथा बर्षेनी आउने बाढी तथा डुवानको कारण पानीको गुणस्तरमा ह्रास आएको कुरालाई नकार्न सकिदैन । अत: अर्को व्यवस्था नभए सम्म आ-आफ्नो तवरले व्यवस्थापन गरेर प्रयोग गरिएको पानीको समय समयमा गुणस्तर परीक्षण गर्ने र सुरक्षित पानीको उपलब्धता वा प्रयोग गरी स्वस्थ जीवन बाँच्न पाउने आमनागरिकको अधिकार सुनिश्चित गर्न सिरहा नगरपालिका भित्रका पानीका श्रोतहरु, बिशेष गरी खानेपानी प्रयोजनका लागी जडान गरिएका डिपबोरिङ्ग तथा हाते कलको पानी परीक्षण गरी पिउन उपयुक्त भए नभएको सुनिश्चित गर्ने र जनतालाई पानीको गुणस्तरबारे सुसुचित गरी सुरक्षित पानीको पहुँचमा बृद्धि गर्नु बान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११.७ ले दिएको अधिकार प्रयोग गरी नगरपालीकामा खानेपानी गुण्स्तर परीक्षण प्रयोगशाला स्थापना तथा संचालन गर्न आवश्यक भएकोले यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र परिभाषा

**१.संक्षिप्त नाम र प्रारम्भ:**

क) यस कार्यविधिको नाम “सिरहा नगरपालीका स्तरीय खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा संचालन सम्बन्धी कार्यविधि २०७८” रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ ।



नगर प्रमुख

CamScanner

नगर कार्यपालिकाको कार्यालय
सिरहा
मधेश प्रदेश, नेपाल

**२.परिभाषाः**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **प्रयोगशाला व्यवस्थापन तथा संचालक समिती** भन्नाले प्रयोगशाला संचालनलाई व्यवस्थित बनाउन नगर प्रमुखको अध्यक्षतामा गठित समिती बुझिनेछ ।

(ख) **खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला** भन्नाले ....गाँऊपालीका/नगरपालीकामा स्थापना भइ संचालित खानेपानी गुणस्तर परीक्षण प्रयोगशालालाई बुझिनेछ ।

(ग) **खानेपानी गुणस्तर मापदण्ड** : खानेपानी गुणस्तर मापदण्ड भन्नाले नेपाल सरकारको खानेपानी गुणस्तर मापदण्ड-२०६२ मा तोकिए बमोजिमको र भविष्यमा संशोधन हुने मापदण्ड भनी बुझ्नु पर्नेछ ।

## परिच्छेद २
## लक्ष्य, उद्देश्य र रणनीति

**२.१ लक्ष्यः**

घरायसी तथा संस्थागत तहमा प्रयोग गरिने पानीको समय समयमा गुणस्तर परीक्षण गर्ने अभ्यासलाई प्रवर्द्धन गरी जनतालाई सुरक्षित पानीको उपलब्धता वा प्रयोग बारे सुसूचीत गरी सुरक्षीत पानी पाउने नागरिक अधिकारको सुनिश्चितता गर्ने ।

**२.२ उद्देश्यहरुः**

२.२.१ यस पालीका भित्र बसोवास गर्ने आम नागरिकलाई पानीको गुणस्तर र यसको परिक्षण बारे सुसूचित गरी सुरक्षित पानीमा पहुँच अभिवृद्धि गर्ने ।

२.२.२ घरायसी तथा संस्थागत तहमा प्रयोग गरिने पानीको गुणस्तर जाँचको सेवालाई दिगो, सर्वसुलभ र सहज रुपमा उपलब्ध बनाउने।

२.२.३ स्थानीय स्तरमा खानेपानीको गुणस्तरबारे जनचेतना विस्तार गर्ने ।

२.२.४ उपोभोक्ता समिति वा अन्य सेवा प्रदायकहरु- टयांकर, नेपाल खानेपानी संस्थान, बोतल वा जारको पानी वितरक आदि द्वारा वितरण गरिने पानीको गुणस्तर नियमित जाँच गर्ने ।

२.२.५ विपदका वेलामा जनस्वास्थ्यको सुरक्षाको लागि नियमित रुपमा पानीको गुणस्तर परीक्षण गर्ने ।

**२.३ रणनीतिः**

२.३.१ नेपाल सरकारको खानेपानी गुणस्तर मापदण्ड, २०६२ अनुसार भौतिक, रसायनिक तथा जैवीक गरी २७ प्रकारका गुणस्तर पारामितिहरुको परीक्षण गर्ने व्यवस्था भए अनुरुप १२ प्रकारका पारामितिहरु स्थानीय स्तरमा नै परीक्षण गरी यस सम्वन्धि सेवाहरु उपलब्ध गराउने ।

२.३.२ हरेक घर तथा संस्थागत तहमा वार्षिक रुपमा कम्तिमा २ पटक पानीको गुणस्तर परीक्षण गर्ने परिपाटीलाई प्रवर्द्धन गर्ने ।



नगर प्रमुख

२.३.३ दिगो विकास लक्ष्य अनुसार सुधारिएको खानेपानीको पहुँच अभिबृद्धि गरी सफा र सुरक्षित खानेपानीयुक्त समुदाय निर्माणमा टेवा पुर्‍याउने ।

२.३.४ सेवा प्रदायकहरुले वितरण गरेका पानीको गुणस्तर नियमित जाँच गरी जनस्वास्थ्यमा पर्न सक्ने असरहरु न्यून गर्ने ।

२.३.५ विपदको बेलामा प्रभावितहरुलाइ वितरण गरिने सबै पानीको नमूना संकलन गरी नियमित रुपमा परीक्षण गर्ने ।

## परिच्छेद ३
## स्वामीत्व, व्यवस्थापन तथा संचालक समिति र संचालक समितिको काम कर्तव्य र अधिकार

**३.१ प्रयोगशालाको स्वामीत्व र संचालनः**

यस पालीकास्तरको खानेपानी गुणस्तर परीक्षण प्रयोगशालाको स्वामीत्व, दैनिक सेवा प्रवाहको लागि आवश्यक व्यवस्थापन तथा संचालनको सम्पूर्ण दायीत्व र जिम्मेवारी यसै पालीकामा निहित रहने छ ।

**३.२. प्रयोगशाला व्यवस्थापन तथा संचालक समितीको गठन र संचालन प्रकृया :**

यस प्रयोगशालाको दिगो व्यवस्थापन तथा संचालनका लागि एक संचालक समिति गठन गरिने छ । यसरी गठन भएको समितिले यसको व्यवस्थापन चुस्त बनाउन, दैनिक सेवा प्रवाहका लागि कर्मचारीको व्यवस्थापन गर्न र आवश्यक बजेटको व्यवस्थापन गर्न भूमिका निर्वाह गर्ने छ । समितिमा तपसिल अनुसारका सदस्यहरु हुनेछन् ।

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | अध्यक्ष |
| (ख) | सामाजिक विकास शाखा हेर्ने पालीकाको सदस्य | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | वास क्षेत्रमा काम गर्ने गै.स.स.हरु मध्येबाट एक जना | सदस्य |
| (ङ) | राजस्व शाखाको प्रतिनिधि | सदस्य |
| (च) | स्वास्थ्य शाखा प्रमुख वा निजले तोकेको प्रतिनीधि | सदस्य |
| (छ) | नगरपालीका वास सम्पर्क व्यक्ति | सदस्य सचिव |

यसरि गठन भएको संचालक समितिले प्रयोगशालाको दैनिक कार्य व्यवस्थापन तथा संचालनका लागि सम्बन्धित पालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता हेर्ने सम्पर्क व्यक्ति (WASH Focal Person) लाई संयोजक बनाई जिम्मेवारी दिनेछ ।



नगर प्रमुख

सिरहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिरहा
मधेश प्रदेश, नेपाल

**३.३ समितिको काम कर्तव्य र अधिकार:** कार्यविधिको परिच्छेद ३ को उपधारा ३.२ अनुसार गठित समितिको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछन् ।

- प्रयोगशालाको दैनिक व्यवस्थापन र सेवा प्रवाहलाई चुस्त बनाउन आवश्यक दैनिक प्रशासनीक व्यवस्था मिलाउने ।
- सेवा प्रवाहका लागि कर्मचारी नियुक्ति गर्ने वा एकपटक नियुक्त भएको कर्मचारीले प्रयोगशालाको आवश्यकता अनुसार कार्य नगरेमा नियुक्ति बदर वा खारेजी गर्ने र कर्मचारीको सेवा सुविधा सुनिश्चित गर्ने ।
- प्रयोगशालाको आम्दानीको चौमासीक आय-व्यय राख्ने/राख्न लगाउने र उपलब्ध स्रोतको परिच्छेद ६ को उपधारा ६.२ अनुसार आम्दानी तथा राजस्वको बाँडफाँड गर्ने ।
- प्रयोगशाला र नगरकार्यपालीका बीचमा समन्वय र सेतुको कार्य गर्ने ।
- प्रयोगशालाको दिगो व्यवस्थापन तथा संचालनका लागि वार्षिक बजेट सहितको कार्यक्रम बनाउने र कार्यपालीकामा पेश गर्ने ।
- प्रयोगशालाको गुणस्तर अनुगमन गर्ने र राष्ट्रिय मापदण्ड कायम गर्ने गरी कार्य गर्ने ।
- प्रयोगशालाबाट सेवा प्रवाहका लागि उपभोक्ता वा सेवा प्रदायकले बुझाउनु पर्ने शुल्क कार्यपालिकामा सिफारिश गर्ने र समयानुकूल संशोधन गरी सिफारिश गर्ने।
- प्रयोगशालाको नियमित व्यवस्थापन तथा संचालनका लागी अन्य आवश्यक प्रबन्ध मिलाउने तथा नगरकार्यपालीका सङ्गको सहकार्यमा आवश्यक अन्य कार्य गर्ने ।

**३.४. प्रयोगशाला संचालक समितीको बैठक र कार्यविधि:**

(क) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ तर बढिमा ४ महिनामा एक पटक अनिवार्य बैठक बस्ने प्रवन्ध मिलाइने छ ।

(ख) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् । बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछन् ।

(ग) बैठक संचालन सम्बन्धि अन्य व्यवस्था समितिले कार्यविधि बनाएर लागू गर्न सक्नेछ ।

## परिच्छेद ४
## खानेपानी गुणस्तर परीक्षणको मापदण्ड र सेवा शुल्क

**४.१ प्रयोगशालाबाट उपलब्ध गराइने सेवा र शुल्क:**

यस प्रयोगशालाबाट नेपाल सरकारको खानेपानी गुणस्तर मापदण्ड २०६२ अनुसार तपसिलका १२ प्रकारका पारामितिहरुको गुणस्तर परीक्षणको सेवाहरु प्रदान गरिने छ ।

| | | | |
|---|---|---|---|
| १.धमिलोपना | २. पी.एच | ३. तापक्रम | ४. फलाम |
| ५.क्लोराईड | ६.नाईट्रेट | ७. कडापन | ८. एमोनिया |
| ९.फोस्फेट | १०. क्लोरिन अवशेष | ११. इ-कोली | १२. टोटल कोलिफर्म |



नगर प्रमुख

यस प्रयोगशालालाई दिगो रुपमा संचालन गर्नका लागि, प्राविधिकको सेवा सुविधा तथा परीक्षणका लागि र आवश्यक सामग्री, रिएजेण्ट तथा औजारहरुको खर्च व्यवस्थापन गर्नका लागि न्युनतम सेवा शुल्क निर्धारण गरिएको छ। ती शुल्क सम्बन्धी दरहरु अनुसूचि १ मा संलग्न गरिएको छ।

## परिच्छेद ५
## प्रयोगशालाको व्यवस्थापनका लागि मानव संशाधन व्यवस्थापन, क्षमता विकास र दिगोपना

### ५.१ मानव संशाधन व्यवस्थापन, क्षमता विकास र दिगोपनाः

(क) प्रयोगशालाको नियमित व्यवस्थापन र संचालनको लागि नगरपालीकाको श्रोतबाट तलब भत्ता उपलब्ध गराउने गरी नेपाल सरकारको करार सेवा अन्तर्गत प्रदान गरिनु पर्ने न्यूनतम तलब सुविधा प्रदान गर्ने गरी हाललाई एक जना (पछि आवश्यक भएमा थप गर्न सक्न गरी) कर्मचारी नियुक्ति गरिने छ। यसरि नियुक्त भएको कर्मचारीले पच्छिेद ३.२ मा व्यवस्था भए अनुसारको प्रयोगशाला व्यवस्थापन तथा संचालन समितिको मातहतमा रहेर कार्य सम्पादन गर्नु पर्नेछ। यसरी नियुक्त गरिने व्यक्तिको शैक्षिक योग्यता र अन्य आवश्यक योग्यता तपसिल बमोजिम हुने छ।

- नियुक्ति हुँदाका वखत १८ वर्ष उमेर पुरा गरी ३५ वर्ष ननाघेको नेपाली नागरिक।
- नेपाल सरकारको प्रचलित कानून अनुसार फौजदारी अभियोग वा नैतीक पतन हुने कसुर ठहर नभएको व्यक्ति।
- विज्ञान विषयमा न्यूनतम १०+२ वा आइ. एस्सी. वा सो सरहको शैक्षीक योग्यता हासील गरेको।
- थय योग्यता आवश्यक पर्ने -प्रयोगशाला टेक्नीसियनको तालिम वा कार्य अनुभव हासील गरी सम्बन्धित विषयमा दक्षता हासील गरेको।

(ख) प्रयोगशालामा काम गर्ने गरी नियुक्त गरिएको कर्मचारीलाई नेपाल सरकारको करार सेवा अन्तर्गत प्रदान गरिनु पर्ने न्यूनतम तलब सुविधा मासिक नेपाल सरकारको सहायक कर्मचारी सरह हुनेछ। प्रोत्साहनको लागि नियमित तलब सङ्गै प्रत्येक परिक्षणबाट २ प्रतिशत रकम चौमासिक रुपमा प्रोत्साहन भत्ता स्वरुप प्रदान गर्न सकिने छ।

(ग) क्षमता विकास :- आवश्यकता अनुसार कर्मचारीको क्षमता विकासको प्रबन्ध मिलाइने छ।

(घ) नियमित कर्मचारीको व्यवस्था नभएको अवस्थामा प्रयोगशाला सन्चालनमा ल्याउन वैकल्पिक व्यवस्थाको रुपमा खानेपानी गुणस्तर परीक्षण सम्वन्धी तालीम लिएका नगरपालिकाका कर्मचारीहरुलाई खानेपानी गुणस्तर परीक्षणको थप जिम्मेवारी दिने र सो बापत निश्चित प्रोत्साहन भत्ता उपलब्ध गराउने।



नगर प्रमुख

CamScanner

## परिच्छेद ६
## बिविध

### ६.१ पानी परीक्षण सेवा लिने प्रकृया:

(क) यस प्रयोगशालाबाट पानी परीक्षणको सेवा लिन सेवाग्राहीले अनुसूची १ मा दिईएको आबेदन फाराम भरेर पेश गर्नु पर्नेछ। पालिकाले व्यवस्था गरे अनुसारको अनलाइन सुबिधा मार्फत समेत आवेदन गर्न सकिनेछ।

(ख) सेवाग्राहीले परीक्षण गर्नु पर्ने पानीको नमूना प्रयोगशालामा बुझाउनु पर्नेछ। आवश्यकता अनुसार नमूना संकलन कर्मचारीद्वारा समेत गरिनेछ।

### ६.२ श्रोत व्यवस्थापन :

यस नगरपालीकामा संचालन गरिएको खानेपानी गुणस्तर परीक्षण प्रयोगशालामा पानीको गुणस्तर परीक्षणका लागि उपभोक्ताबाट परिच्छेद ४ को उपधारा ४.१ अनुसार शुल्क लिइनेछ। यसरि संकलित राजस्वको आय-व्यय यस नगरपालीकाको राजस्व शाखाले राख्ने छ र त्यसको प्रतिवेदन चौमासिक रुपमा खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा संचालन समिति समक्ष पेश गर्ने छ। यसरि संकलित राजश्वलाई नगरपालीकाको आन्तरिक श्रोतको आम्दानी रकम मानी प्रत्येक नमूना संकलन बाट प्राप्त हुने वा चौमासिक रुपमा संकलीत राजस्वको एकमुष्ट हिसावबाट ५० प्रतिशत रकम प्रयोगशाला संचालनका लागि आवश्यक पर्ने सामग्री जस्तै रसायन, रिएजेण्ट आदि खरीद गर्न र प्रयोगशाला व्यवस्थापन तथा संचालन समितिले तोके अनुसार प्रयोगशालाका लागि भौतिक सुविधा थप गर्न खर्च गरिनेछ, बाँकी ५० प्रतिशत रकमको आधा रकम कर्मचारीको तलब, भत्ता र प्रोत्साहनका लागि खर्च गरिनेछ भने बाँकी रकम पालीकाको आम्दानीको रुपमा मूलकोषमा जम्मा गरिनेछ। राजस्व र खर्च सम्बन्धि थप ब्यवस्था दफा ३.१ बमोजिम हुनेछ।

**६.३ अनुसूचिमा हेरफेर वा थपघट गर्न सक्नेः-** नगरपालीकाले कार्यपालीकाको बैठकबाट यस कार्यविधिको अनुसूचिमा उल्लेखित विवरण, तथ्यांक तथा अन्य सूचनाहरु आवश्यकता अनुसार हेरफेर, थप ब्याख्या वा थपघट गर्न सक्नेछ। तर यसरी संशोधन गरिएको वाक्यांश वा विवरण संशोधनको सस्करण अनुसार एकै प्रतिमा संलग्न गर्दै जानु पर्ने छ।

### ६.४ पानीको नमूना संकलन गरी बुझाउने :

आफूले परीक्षण गर्न चाहेको पानीको नमूना श्रोतबाट तोकिएको मापदण्डका आधारमा संकलन गरी प्रयोगशालासम्म सुरक्षीत रुपमा ल्याउने कार्यलाई नमूना संकलन भनिन्छ। पानीको नमूना संकलन विधि नमूना संकलन गर्ने पानीको श्रोत अनुसार फरक फरक हुन सक्छ। उदाहरणको लागी इनारको पानीको नमूना संकलन गर्न एक प्रकारको विधि अपनाउन पर्ने हुन्छ भने धारा, ट्युववेल वा खोलाको पानीको नमूना संकलन गर्न अर्को प्रकारका विधि र सतर्कता अपनाउनु पर्ने हुन्छ। पानीको नमूना संकलन गर्दा पानीमा रहेका भन्दा फरक स्थान वा श्रोतबाट संक्रमण नहोस् भन्नका लागि सतर्कतापूर्वक यो कार्य गर्नु पर्ने हुन्छ।



CamScanner

यसका लागि तराईमा उपलब्ध पानीका श्रोतहरु विशेष गरी ट्युववेल, इनार, खोला तथा शहरी खानेपानीको बितरण प्रणालीबाट उपलब्ध धाराको पानीको नमूना संकलनका लागि केही विधिहरु यस कार्यविधिको अनुसूची ३ मा उल्लेख गरिए अनुसार वा प्रयोगशालाका प्राविधिकहरुले तोके बमोजिम हुनेछन् ।



नगर प्रमुख

CamScanner

सिरहा मधेश प्रदेश, नेपाल

## अनुसूचिहरु

### अनुसूचि १: राजश्वको दाखीला तथा भुक्तानी फारम र दर:

सेवा लिन इच्छुक सेवाग्राहीले तल उल्लेखित विवरणको फारम भरी तोकिएको रकम पालीकाको राजश्व शाखामा दाखीला गरी सोको एक प्रतिलिपि सहित परीक्षण गर्न चाहेको पानीको नमूना प्रयोगशालामा पेश गर्ने ।

### तालिका १: राजश्वको दाखीला तथा भुक्तानी फारम

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सेवाग्राहीको नाम, ठेगाना | १. व्यक्तिगत वा पारिवारिक | | | | | |
| सेवा लिन चाहेको प्रकार (कुनै एक मा √ चिन्ह लगाउनुहोस् ) | २. खानेपानी उपभोक्ता समिति वा अन्य सेवा प्रदायक | | | | | |
| | ३. व्यवसायीक संस्था वा कार्यालय | | | | | |
| राजश्व दाखिला गरेको भौचर नं. | | | | राजश्व बुझाएको कुल रकम | | रु.............. |
| प्रयोगशालामा बुझाएको मिति : | | | | रिर्पोट/ प्रतिवेदन प्राप्त हुने मिती: | | |
| पानी परीक्षणका लागि उपलब्ध सूचकहरु | प्रति सूचक मूल्य | | | परीक्षण गर्न चाहेको सूचकमा (√) चिन्ह लगाउने | तिर्नु पर्ने राजश्व (कुल) | कैफियत |
| | पारिवारीक वा व्यक्तिगत | खानेपानी उपभोक्ता समिति वा अन्य सेवा प्रदायक | व्याबसायीक संस्था वा कार्यालय | | | |
| १. धमिलोपना | रु.५०.०० | रु.५०.०० | रु.५०.०० | | | |
| २. पी एच (pH) | रु.५०.०० | रु.५०.०० | रु.५०.०० | | | |
| ३. तापक्रम | रु.५०.०० | रु.५०.०० | रु.५०.०० | | | |
| ४. फलाम (आइरन) | रु.५०.०० | रु.५०.०० | रु.५०.०० | | | |
| ५. क्लोराईड | रु.५०.०० | रु.५०.०० | रु.५०.०० | | | |
| ६. नाईट्रेट | रु.५०.०० | रु.५०.०० | रु.५०.०० | | | |
| ७. कडापन | रु.५०.०० | रु.५०.०० | रु.५०.०० | | | |
| ८. एमोनिया | रु.५०.०० | रु.५०.०० | रु.५०.०० | | | |
| ९. फोस्फेट | रु.५०.०० | रु.५०.०० | रु.५०.०० | | | |
| १०. क्लोरिन अवशेष | रु. १००.०० | रु. १००.०० | रु. १००.०० | | | |
| ११. इ-कोली | रु. १००.०० | रु. २००.०० | रु. ३००.०० | | | |
| १२. कोलिफर्म | रु. १००.०० | रु. २००.०० | रु. ३००.०० | | | |
| सेवा शुल्क | रु.१००.०० | रु.३००.०० | रु.४००.०० | | | |
| कुल | रु.८५०.०० | रु.१२५०.०० | रु.१५५०.०० | | | |

नोट :



नगर प्रमुख

सिरहा
मधेश प्रदेश, नेपाल

* सबै सूचक परीक्षण गर्न परेमा पूर्ण सेवा शुल्क तिर्न पर्ने, तर ६ वटा वा सो भन्दा कम सूचक मात्र परीक्षण गर्न परेको खण्डमा सेवा शुल्कमा ५० प्रतिशत मात्र तिर्न पर्ने ।

* अनुसुचिमा सेवा शुल्क थपघट गर्न सकिनेछ ।

* सबै सुचक संघ/संस्थाबाट भएमा सेवा शुल्क थपघट गर्न सकिनेछ ।

तालिका २: दर

| क.स. | खानेपानी परीक्षणको प्रकार | शुल्क | | |
|---|---|---|---|---|
| | | परिवार | खानेपानी उपभोक्ता समिती वा अन्य सेवा प्रदायक | ब्यवसायी, संघ संस्था वा कार्यालय |
| १ | १२ प्रकारका परीक्षण (पूर्ण प्याकेज) | ८५० | १२५० | १५५० |
| २ | आधारभूत ३ प्रकारका परीक्षण (इ.कोलिफर्म, आर्सेनिक, फलाम) | २०० | ३०० | ४०० |
| ३ | कोलिफर्म मात्र (पी.ए. भायल) | १५० | २०० | २५० |

## अनुसूचि २: खानेपानी गुणस्तर परीक्षण प्रतिवेदनको खाका

| | प्रयोगशालामा बुझाएको मितिः | | | | रिर्पोट/प्रतिवेदन पाप्त गर्ने मितिः | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | पानी परीक्षणका लागि उपलब्ध सूचकहरु | अंग्रेजी नाम | नेपाल खानेपानी गुणस्तर मापदण्ड २०६२ अनुसारको मानक (अधिकतम सघन सिमा) | इकाई | प्रयोगशालामा परीक्षण पश्चात् प्राप्त मानक | प्रयोगशाला को सिफारिस | कैफियत |
| १. | धमिलोपना | | ५ (१०) | NTU | | | |
| २. | पी एच (pH) | | ६.५-८.५* | | | | |
| ३. | तापक्रम | | | | | | |
| ४. | आइरन | | ०.३ (३) | मि.ग्रा./ली. | | | |
| ५. | क्लोराईड | | २५० | मि.ग्रा./ली. | | | |
| ६. | नाईट्रेट | | ५० | मि.ग्रा./ली. | | | |
| ७. | कुल कडापन | | ५०० | मि.ग्रा./ली. | | | |
| ८. | अमोनिया | | १.५ | मि.ग्रा./ली. | | | |
| ९. | फोस्फेट | | | | | | |
| १०. | क्लोरिन अवशेष | | ०.१-०.२ * | मि.ग्रा./ली. | | | |
| ११. | इ. कोली | | ० | MPN/100 ml | | | |
| | कोलिफर्म | | ० (९५% नमूनामा) | MPN/100 ml | | | |
| १२. | आर्सेनिक | | ०.०५ | मि.ग्रा./ली. | | | |

## अनुसूचि ३: प्रयोगशालाको स्तरिय संचालन प्रकृया (Standard Operating Procedure-SOP)



नगर प्रमुख

CamScanner

मिति २०७८ साल चैत्र १६ गते तदनुसार ३० मार्च २०२२ का दिन यस सिरहा नगरपालिकाका नगर प्रमुख श्री अशेश्वर प्रसाद यादवज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकले तपसिल अनुसारका कार्यपालिकाका सदस्य तथा पदाधिकारीहरुको उपस्थितिमा निम्न प्रस्तावहरुमा छलफल गरि निर्णयहरु पारित गरियो ।

**तपसिल**

**उपस्थिति विवरण:**

| क्र.सं. | पदाधिकारीका नाम | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री अशेश्वर प्रसाद यादव | नगर प्रमुख | | |
| २ | डा.श्री नमिता यादव | उप नगर प्रमुख | | |
| ३ | श्री महेश कुमार यादव | वडाध्यक्ष | १ | |
| ४ | ,, दिपक कुमार यादव | वडाध्यक्ष | २ | |
| ५ | ,, राम वहादुर मण्डल | वडाध्यक्ष | ३ | |
| ६ | ,, इजहारूल हक | वडाध्यक्ष | ४ | |
| ७ | ,, सुलिन्दर यादव | वडाध्यक्ष | ५ | |
| ८ | ,, विजय कुमार यादव | वडाध्यक्ष | ६ | |
| ९ | ,, उपेन्द्र साह | वडाध्यक्ष | ७ | |
| १० | ,, नागेश्वर गोइत | वडाध्यक्ष | ८ | |
| ११ | ,, हरिदेव यादव | वडाध्यक्ष | ९ | |
| १२ | ,, युगल किशोर कामती | वडाध्यक्ष | १० | |
| १३ | ,, विनोद कुमार कामती | वडाध्यक्ष | ११ | |

| | | | | |
|---|---|---|---|---|
| १४ | ,, शत्रुधन साह | वडाध्यक्ष | १२ | |
| १५ | ,, सुचेन्द्र साह | वडाध्यक्ष | १३ | |
| १६ | ,, देवरन्जन गोइत | वडाध्यक्ष | १४ | |
| १७ | ,, धनिक लाल यादव | वडाध्यक्ष | १५ | |
| १८ | ,, धिरेन्द्र मोरवैता यादव | वडाध्यक्ष | १६ | |
| १९ | ,, महेन्द्र प्रसाद यादव | वडाध्यक्ष | १७ | |
| २० | ,, राम सोगारथ यादव | वडाध्यक्ष | १८ | |
| २१ | ,, गोपाल प्रसाद यादव | वडाध्यक्ष | १९ | |
| २२ | ,, राम चन्दर यादव | वडाध्यक्ष | २० | |
| २३ | ,, सुरेन्द्र मण्डल | वडाध्यक्ष | २१ | |
| २४ | ,, आशाराम यादव | वडाध्यक्ष | २२ | |
| २५ | श्री हिन्द केश्वरलाल कर्ण | का.पा.स. | २१ | |
| २६ | ,, सीमा मण्डल | ,, | १४ | सिमा |
| २७ | ,, तारा सदा | ,, | ११ | तारा |
| २८ | ,, फुलपरास देवी यादव | ,, | १९ | |
| २९ | ,, विनय कुमार साह | ,, | २ | विनय |
| ३० | ,, उदय शंकर राउत | ,, | १७ | |
| ३१ | ,, इन्दिरा कर्ण | ,, | १३ | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | ,, रूखसाना खातुन | ,, | ४ | |
| ३३ | श्री बलिराम यादब | प्रमुख प्रशासकिय अधिकृत | | |

**आमन्त्रित**

| | | | | |
|---|---|---|---|---|
| ३४ | मो. इदरीस राईन | | | |
| ३५ | शशिन्द्र यादव | | | |
| ३६ | सुरेश चोरवार | | | |
| ३७ | प्रविन कु. यादव | | | |
| ३८ | निलु श्रेष्ठ | | | |
| ३९ | रिता कुमारी यादव | | | |
| ४० | मानिक कुमार कामती | | | |
| ४१ | राम नाथ, साह | | | |
| ४२ | भिम लाल शाही | | | |
| ४३ | पदम लम्साल | | | |

**प्रस्तावहरु :**

**प्रस्ताव नं. १.** यस सिरहा नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खा.स.स्व) योजना बारे छलफल तथा पारित सम्बन्धमा ।

**प्रस्ताव नं. २:** विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधि-२०७४ (प्रथम संसोधन २०७६) बारे छलफल तथा पारित सम्बन्धमा ।

**प्रस्ताव नं. ३.** नगरपालिका खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि-२०७८ बारे छलफल तथा पारित सम्बन्धमा ।

**प्रस्ताव न ४.** विविध ।

**निर्णयहरुः**

**निर्णय नं. १:** प्रस्ताव नं. १. माथि छलफल गर्दा नेपाल सरकार, खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा तयार गरिएको NWASH मोबाइल एप्स विधि अवलम्बन गरि तथ्यांक संकलन, विश्लेषण गरी सोही अनुसार तय भएको यस सिरहा नगरपालिकाको दश वर्षे खा.स.स्व योजना (सन् २०२०- सन् २०३०) बारे छलफल गरि यस बैठकबाट पारित गरिएको छ । पुनश्चः वेल्टहंगरहिल्फे (Welthungerhilfe) र यसको साझेदार संस्था सबल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा यस नगरपालिकाको पूर्ण स्वामित्व, समन्वय र संलग्नतामा तर्जुमा भएको यस खा.स.स्व योजना स्थानिय सरकार संचालन ऐन २०७४ मा व्यवस्था गरिएको योजना तर्जुमा प्रक्रियालाई अवलम्वन गर्दै राष्ट्रिय योजना तर्जुमा नीति र प्रक्रियाहरूसंग समेत मिल्ने गरि तयार गरिएको बारे बैठकमा सहभागि सबैलाई जानकारी गराइयो । साथै यो योजना नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको NWASH MIS अनलाईन डाटावेशमा आधारित भएको र यस योजनालाई आगामी दिनमा थप अध्यावधिक गर्ने, आवश्यक सूचना तथा तथ्यांकहरुको विश्लेषण गर्ने र नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि अगामी योजना प्रक्रियामा यसका तथ्यांक तथा सूचनाहरुलाई प्रयोग गर्दै जाने कुरामा प्रतिवद्धता व्यक्त गर्दै सिरहा न.पा.को खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (सन २०२०-२०३०) यस कार्यपालिकाको बैठकबाट पारित गरिएको छ । अनुमोदित खा.स.स्व योजना (सन २०२०-२०३०) यसै निर्णयको अंगका रुपमा रहने गरी अनुसूची १ मा यस कार्यपालिकाका पदाधिकारीहरुको हस्ताक्षर सहित रहने गरी समाविष्ट गरिएको छ ।

**निर्णय नं. २:** प्रस्ताव नं. २ माथि छलफल गर्दा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरद्वारा जारी गरिएको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि कार्यविधि, २०७४ (महानिर्देशक स्तरबाट २०७६।०६।१४ मा स्वीकृत दोस्रो संशोधन सहित) माथी यस बैठकमा छलफल गरि उक्त कार्यविधिको परिच्छेद १ को १ (ख) अनुसार स्थानीय तहले आवश्यकता अनुसार व्यवस्था गरि सम्पूर्ण विद्यालयहरुमा लागू गराउन सक्ने व्यवस्था भए अनुरुप तपसिल अनुसार केही संसोधन सहित कार्यपालिकाले पारित गर्ने निर्णय गरियो । कार्यविधिमा हाल भएको व्यवस्था र संशोधित व्यवस्था तपसिलमा उल्लेख गरिए अनुसार हुने र अन्य सम्पुर्ण व्यवस्था सोही कार्यविधिमा भएको व्यवस्था अनुसार नै हुने गरि पारित गरिएको छ ।

| हालको व्यवस्था | संसोधन गरिएको व्यवस्था |
|---|---|
| परिच्छेद ४ को बुदा न. ४.१ (क) अनुसार | यदी विद्यालयमा वि.व्य.स. नभएको खण्डमा |

| | |
|---|---|
| बिद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन गर्दा बिद्यालय व्यवस्थापन समितिको अध्यक्षले तोकेको सो समितिको सदस्य अध्यक्ष रहने व्यवस्था छ । | पछि निर्वाचित भएर आए पछि सोही अनुसार हुने गरि पद रिक्त रहने र बाँकी सदस्यहरु मध्ये बाट वडा समितिबाट प्रतिनिधि भइ आएको सदस्यले अध्यक्षता गर्ने र अन्य सदस्यहरु तोके बमोजिम नै हुने छ । कुनै कारणले तोकिएको समितिको अध्यक्ष नियुक्त हुन नसकेमा पछि नियुक्त हुने गरि पद रीक्त राखि बाँकी सदयहरुले आफ्नो भूमिका कार्यविधि अनुसार अगाडी बढाउने । |
| परिच्छेद ४ को बुदा न ४.२ (क) मा बिद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिको बैठक चार महिनामा एक पटक बस्नुपर्ने व्यवस्था छ । | बिद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिको बैठक समान्यतया २ महिनामा १ पटक बस्नु पर्नेछ, भने पहिलो पटक गठन भएको मितिले १ महिना भित्र बैठक बसी कार्य प्रारम्भ गर्नुपर्ने छ । साथै, आवश्यक्ता अनुसार त्यो भन्दा बढी पटक पनि बैठक बस्न सक्नेछ । |
| परिच्छेद ५ को बुदा न. ५.१.१ मा बिद्यालय खानेपानी,सरसफाई तथा स्वच्छता समन्वय समिति (S-WASHCC) ले शैक्षिक सत्र शुरु भएको दुइ महिना भित्र स्वमुल्यांकन गर्नुपर्ने व्यवस्था छ । | बिद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिती (S-WASHCC) पहिलो पटक गठन भएको मितिले १ महिना भित्र र नयाँ शैक्षिक सत्र सुरु भएको दुई महिना भित्र स्वः मूल्यांकन गर्नुपर्नेछ । |
| परिच्छेद ५ को बुदा न. ५.१.३ मा विद्यालय व्यवस्थापन समितिले आफ्नो रायसहित स्वमूल्यांकन फारम प्रमाणिकरणका लागी सम्बन्धित गाँउपालिका वा नगरपालिकाको सामाजिक बिकास समिति मार्फत तोकिएको समिति समक्ष पेश गर्नुपर्ने छ । | विद्यालय व्यवस्थापन समितिले आफ्नो रायसहित स्वमूल्यांकन फारम प्रमाणिकरणका लागी सम्बन्धित पालिकाको सामाजिक बिकास समिति वा सामाजिक बिकास समिति नभएको अवस्थामा सोही प्रकृतिको कार्य गर्ने अन्य समिति समक्ष प्रमाणिकरणका लागी पेश गर्नुपर्ने छ । |
| परिच्छेद ५ को बुदाँ न. ५.१.५ मा लगातार दुई पटकको वार्षिक समीक्षामा कुनै विद्यालयले तीन ताराको अवस्थालाई कायम | परिच्छेद ५ को बुदा न. ५.१.५ मा पहिलो पटक तीन तारे विद्यालय घोषणा भएको बखत र पछि लगातार दुई पटकको वार्षिक |

| | |
|---|---|
| राख्न सफल भएमा सम्बन्धित गाउँ/नगरपालिकाले त्यस्ता विद्यालयल तथा यस कार्यमा योगदान गर्ने संस्था/व्यक्तिलाई प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्न सक्नेछ । | समीक्षामा कुनै विद्यालयले तीन ताराको अवस्थालाई कायम राख्न सफल भएमा सम्बन्धित गाउँ/नगरपालिकाले त्यस्ता विद्यालयल तथा यस कार्यमा योगदान गर्ने संस्था/व्यक्तिलाई प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्न सक्नेछ । |
| परिच्छेद ६ बुदाँ न. ६.२.१ मा विद्यालय खानेपानी, सरसफाइ लगायतका सुविधाहरुको मर्मत संभार एवम् स्तर वृद्धि गर्न विद्यालयले निम्न स्रोतहरुबाट छुट्टै मर्मत संभार कोषको व्यवस्था गर्न सक्नेछ । | मर्मत संभार कोष बैंक खाता वा सहकारी वा विद्यालयको नगदी कोषमा रहन सक्ने छ र खर्चको हिसाब किताव लिखित रुपमा आम्दानी तथा खर्च विवरण स्पष्ट बुझिने गरि उल्लेख गरिएको हुनुपर्नेछ । अन्य व्यवस्था कार्यविधिमा उल्लेख गरिए अनुसार हुनेछ । |

माथि उल्लेखित संसोधन सहित अनुमोदन भएको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि कार्यविधि २०७४ (दोस्रो संशोधन, २०७६) यसै निर्णयको अंगका रुपमा रहने गरी अनुसूची २ मा यस कार्यपालिकाका पदाधिकारीहरुको हस्ताक्षर सहित रहने गरी समाविष्ट गरिएको छ ।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३. माथि छलफल गर्दा नगरपालिकामा स्थापना भएको खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि-२०७८ बारे यस कार्यपालिका बैठकमा छलफल गरि पारित गर्ने निर्णय गरियो । पुनश्चः नगरपालिका स्तरमा स्थापना भएको खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि-२०७८ यसै निर्णयको अंगका रुपमा रहने गरी अनुसूची ३ मा यस कार्यपालिकाका पदाधिकारीहरुको हस्ताक्षर सहित रहने गरी समाविष्ट गरिएको छ ।

**निर्णय नं ४:** प्रस्ताव न. ४ माथी छलफल गर्दा खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा रहेको सम्भावना, अवसर, समस्या तथा चुनौतिलाई तथ्यांकगत रुपमा पहिचान गरी आगामी १० बर्षे योजना तथा रणनीति तय गर्न, नगरपालिका स्तरमा नै खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला स्थापना, संचालन र व्यवस्थापनमा सहयोग पुग्ने कार्यविधि तय गर्न र नेपाल सरकार शिक्षा तथा मावन स्रोत विकास केन्द्रले यस अघि नै प्रयोगमा ल्याएको तर स्थानीय तह सम्म प्रभावकारी रुपमा छलफल तथा कार्यान्वयनमा नआएको विद्यालय खानेपानी, सरसफाइ तथा

तथा स्वच्छता सम्बन्धि कार्यविधि २०७४ अनुमोदनमा सहजीकरण गर्ने संस्थाहरु वेल्टहंगरहिल्फे, सबल नेपाल, नेपाल सरकार खानेपानी मन्त्रालय, ढलनिकास विभाग, NWASH MIS टिम, विभिन्न परामर्शदाता कम्पनी तथा विज्ञ व्यक्ति, स्थानीय सहयोगी तथा साझेदार सबैलाई धन्यवाद ज्ञापन गरियो । साथै यस प्रक्रियामा सहयोग पुऱ्याउनु हुने वडा अध्यक्ष ज्युहरु, कार्यपालिका सदस्यज्युहरु तथा अन्य जनप्रतिनिधि ज्युहरु, नगरपालिकाका कर्मचारीहरु, सामाजिक संघसंस्थाका प्रतिनिधिहरु सबैलाई धन्यवाद ज्ञापन गर्दै यो नगरपालिका स्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना, विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधि र खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला संचालन तथा व्यवस्थापन कार्यविधि को सफल कार्यान्वयनको शुभकामना व्यक्त गरियो ।

CamScanner